मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218


नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com




वर्ष ३ | अंक १३७ | २०८१ साल चैत्र १८ गते सोमबार | Monday 31, March 2025 | सूर्योदय: बिहान ५:५७ बजे | सूर्यास्त: साँझ ६:२२ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

# मुख्यमन्त्रीज्यू, तलब कहिले दिने ?




KTM CDO Regd. No. 07/045/044
नेपाल चिकित्सक संघ
NEPAL MEDICAL ASSOCIATION
Madhesh Pradesh Committee
Members
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Oceania (CMAAO)
Ref.No. ०६/८१/८२
Date: २०८१/१२/१०

Central Vice President and Madhesh Pradesh Co-ordinator
Dr. Niraj Kumar Singh
Vice President
Dr. Subhash Babu Sah
Secretary
Dr. Ramji Yadav
Joint Secretary
Dr. Kali Prasad Yadav
Treasurer
Dr. Naushad Haque
Executive Members
Dr. Manoj Kumar Gupta (Parsa)
Dr. Guneshwor Jha (Sarlahi)
Dr. Ram Gyan Yadav (Dhanusha)
Dr. Kausar Alam (Rautahat)
Dr. Santosh Yadav (Saptari)
Dr. Manoj Yadav (Bara)
Dr. Aarti Sah (Mahottari)
Dr. Om Prakash Chaudhary (Siraha)

श्रीमान मुख्यमन्त्रीज्यू
मुख्यमन्त्री कार्यालय
जनकपुरधाम, मधेश प्रदेश ।

श्रीमान मुख्यमन्त्रीज्यू,

डा निरज कुमार सिंह
नेपाल चिकित्सक संघ
केन्द्रीय उपाध्यक्ष एवं मधेश प्रदेश संयोजक

**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेशका अस्पताल र स्थानीय तहअन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत छात्रवृत्ति, करार सेवाका चिकित्सक तथा स्वास्थ्यकर्मीले तलब नपाएको ६ महिना भएको छ । केहीले पछिल्लो ४ महिनाको तलब पाएका छैनन्, ६ महिनासम्म नपाउने पनि छन् । उनीहरुले तत्काल तलब भुक्तानी गर्न माग गरेका छन् ।

नेपाल चिकित्सक संघ मधेश प्रदेशले मुख्यमन्त्री सतिश कुमार सिंहलाई पत्र लेख्दै ७२ घण्टाभित्र तलब उपलब्ध गराउन र भविष्यमा नियमित तलब व्यवस्था गर्न चेतावनीयुक्र आग्रह गरेको छ । 'आर्थिक वर्ष २०८१–८२ को कात्तिक महिनादेखि नियुक्त भएका स्वास्थ्यकर्मीले अहिलेसम्म तलब पाएका छैनन् ।

यसले उनीहरूको दैनिक जीवन कष्टपूर्ण भएको छ,' मुख्यमन्त्री सिंहलाई लेखिएको पत्रमा भनिएको छ, 'मधेश प्रदेशमा छात्रवृत्ति करारका स्वास्थ्यकर्मीले कहिल्यै नियमित तलब पाएका छैनन् र बारम्बार तलब पाउँ भन्दै विरोध कार्यक्रम गर्नुपर्ने अवस्था छ ।'

सङ्घले ७२ घण्टाभित्र तलब भुक्तानी नभए स्वास्थ्य सेवा प्रभावित हुने गरी आमहड्ताल गर्ने चेतावनी दिएको छ । 'हामी तत्काल समाधान र नियमित तलबको प्रतिबद्धता चाहन्छौँ । अन्यथा, स्वास्थ्य सेवा ठप्प पार्नुपर्ने बाध्यता आउन सक्छ," पत्रमा उल्लेख छ । मुख्यमन्त्री सतिशकुमार सिंहलाई सम्बोधन गरिएको पत्रले स्वास्थ्यकर्मीको समस्या र उनीहरूको मागलाई स्पष्ट रूपमा उजागर गरेको छ ।

**तलब नपाउनेको सूची यस्तो छः**

**संस्थानः प्रादेशिक अस्पताल मलङ्गवा, सर्लाही**
समस्याः ४ महिनाको तलब बाँकी
क. डाक्टरहरुः
१. डा. अमित कुमार ठाकुर, चिकित्सा अधिकारी
२. डा. सन्दीप रौनियार, मेडिकल अफिसर
३. डा. मनिष साह, मेडिकल अफिसर
४. डा. फिरोज अली, चिकित्सा अधिकारी
५. डा. विपुल झा, चिकित्सा अधिकारी
६. डा. ओम सहनी, चिकित्सा अधिकारी
७. डा. अनिल शाह, मेडिकल अफिसर
८. डा. उपदेश साह, चिकित्सा अधिकारी
९. डा. बैजु कुमार प्रसाद कुशवाहा, चिकित्सा अधिकारी
१०. डा. पुरुषोत्तम प्रसाद यादव, चिकित्सा अधिकारी
११. डा. रिंकी कुमारी, चिकित्सा अधिकारी
१२. डा. सुजित शाह, मेडिकल अफिसर
ख. स्वास्थ्य कार्यकर्ताः
१. पिंकी अधिकारी, नर्सिङ अफिसर

**संस्थानः प्रादेशिक अस्पताल कलैया, बारा**
समस्याः ४ महिनाको तलब बाँकी
क. डाक्टरहरुः
१. डा. रमेश खतिवडा, को. बालरोग विशेषज्ञ
२. डा. ऋचा मण्डल, नेत्ररोग विशेषज्ञ
३ डा. आकाश जयस्वाल, मेडिकल अफिसर
४. डा. आलोक कुमार यादव, चिकित्सा अधिकारी
५. डा. सुरजकुमार साह कानु, मेडिकल अफिसर
६. डा. तबरेज आलम, मेडिकल अफिसर
७. डा. अवनीश यादव, चिकित्सा अधिकारी
८. डा. राजा जैसवाल, दन्त चिकित्सक

**संस्थानः मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, जनकपुरधाम**
समस्याः २ महिनाको तलब बाँकी
क. डाक्टरहरूः
१. डा. प्रभाकरलाल दास, को. चिकित्सक
२. डा. अंकित प्रसाद, अभ्यासी
३. डा आशिष झा, बाल रोग विशेषज्ञ
४. डा. दिव्यांशु झा, मनोचिकित्सक
५. डा. तेजनारायण महतो, को. मनोचिकित्सक
६. डा. सुमित सिंह,
७. डा. प्रतीक सिलवाल, अर्थोपेडिक्स
८. डा. आशिष कुमार झा, अर्थोपेडिक्स
९. डा. कृषनन्दन शाह, को. इएनटी र हेड एन्ड नेक सर्जन
१०. डा. रेशा शर्मा, मौखिक र मैक्सिलोफेसियल सर्जन
११. डा. सुरज गुप्ता, प्रोस्टोडोन्टिक्स
१२. डा. चन्द्रकिशोर यादव,
१३. डा. स्नेहाकुमारी ठाकुर,
१४. डा. मनिषा मण्डल,
१५. डा. प्रदीप कुमार यादव, दन्त शल्यचिकित्सक
१६. डा. चाँदनी साह, परामर्शदाता
१७. डा. कृतिका झा, परामर्शदाता
१८. डा. कञ्चन ठाकुर, परामर्शदाता बाल रोग विशेषज्ञ
ख. स्वास्थ्यकर्मीः
१.सञ्जु कुमारी यादव, फार्मेसी अधिकृत
२. प्रतीक्षा राना मगर, फार्मेसी अधिकृत
३. ज्योति शर्मा, फार्मेसी अधिकृत
४. शिल्पा कर्ण, फार्मेसी अधिकारी
५. अमनकुमार साह, फार्मेसी अधिकृत
६. हमिषा धना मगर, नर्सिङ अफिसर
७. नीतु यादव, नर्सिङ अफिसर
८. भावना साह, नर्सिङ अफिसर
९. शबनुम खातुन, नर्सिङ अफिसर
१०. अमित कुमार यादव, ल्याब टेक्नोलोजिस्ट
११. काजल कुमारी साह, रेडियोलोजी प्राविधिक
१२. ब्रजेश कुमार मण्डल, रेडियोग्राफिक टेक्नोलोजिस्ट
१३. चण्डेश्वर जैसवाल, फार्मासिस्ट
१४. सोनी यादव, नर्सिङ अफिसर
१५. बिनिता दास, नर्सिङ अफिसर
१६. श्रीजना कुशवाहा, नर्सिङ अफिसर
१७.जया यादव, नर्सिङ अफिसर

**संस्थानः रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल, लहान, सिरहा**
समस्याः ४ महिनाको तलब बाँकी
क. डाक्टरहरुः
१. डा. राजेश रञ्जन,
२. डा. मनोजकुमार चौधरी,
३. डा. पंकज कुमार यादव, चिकित्सा अधिकारी
४. डा. सुमित मण्डल, मेडिकल अफिसर
५. डा. पूजा शाह, चिकित्सा अधिकारी
६. आशाराम यादव, डेन्टल सर्जन
ख. स्वास्थ्यकर्मीः
१. किरण साह, नर्सिङ अफिसर
२. मञ्जु महतो, नर्सिङ अफिसर
३. रञ्जु चौधरी, नर्सिङ अफिसर
४. गीता मण्डल, नर्सिङ अफिसर
५. मनुजा चौधरी, नर्सिङ अफिसर
६. विवेक महतो, प्रयोगशाला प्राविधिक

**संस्थानः कोल्ही पिएचसी, बारा**
समस्याः भदौदेखि तलब बाँकी
क. डाक्टरः
१. डा. मनिष कुमार यादव

संस्थानः पिएचसी महेन्द्रनगर, धनुषा
समस्याः ९ महिनाको तलब बाँकी
क. डाक्टरः
१. डा. राम कुमार यादव

संस्थानः गंगा पिपरा पिएचसी रौतहट
क. डाक्टरहरुः
१. डा. मुकुन्द कुमार झा
२. डा. अमित चौधरी

**संस्थानः पिएचसी बरहथवा, सर्लाही**
क. डाक्टरः
१. डा शिवराम महतो

**संस्थानः प्रादेशिक अस्पताल जलेश्वर, महोत्तरी**
समस्याः ४ महिनाको तलब बाँकी
क. डाक्टरहरुः
१. डा. सन्तोष यादव, एमडीजीपी
२. डा. आदित्य दत्त, मेडिकल अफिसर
३ डा. अमर ओझा, मेडिकल अफिसर
४. डा. आरती पाण्डे, मेडिकल अफिसर
५. डा. अम्बिका झा, मेडिकल अफिसर
६. डा. सदरे आलम, मेडिकल अफिसर
७. डा. प्रज्ज्वल झा, मेडिकल अफिसर
८. डा. कृष्ण सहानी, चिकित्सा अधिकारी
९. डा. रामभूषण साह, मेडिकल अफिसर
१०. डा. मनिष साह, मेडिकल अफिसर
११. डा. मनिष पुर्बे, चिकित्सा अधिकारी
१२. डा. राजन थाडिया, चिकित्सा अधिकारी
१३. डा. सगुन खड्का, चिकित्सा अधिकारी
१४. डा. आर.एन. कञ्चन सिंह,
१५. फार्मासिस्ट संजीव सिं

लालबन्दी अस्पताल, सर्लाही
समस्याः ४ महिनाको तलब बाँकी
१. डा. कुलभूषण शाही
२. डा. सागर झा
३.डा. बोधराज बुढाथोकी
४. डा. स्विकार दाहाल
५.डा. अनिश लुइटेल
६.डा. आलोक यादव
७.डा. कविता यादव

# बोदेबसाईनका चार अस्पताल बन्द

मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले सप्तरीको बोदेबर्साइन नगरपालिकास्थित जीवन ज्योति हस्पिटललाई १५ दिनभित्र मापदण्डअनुसार सञ्चालन गर्न निर्देशन दिएका छन् ।

मुख्यमन्त्री सिंहले आइतबार अस्पताल अनुगमन गर्दै स्वास्थ्य व्यवसायी परिषद्बाट दर्ता प्रमाणपत्र नलिएका स्वास्थ्यकर्मी र मापदण्ड विपरीत सेवा सञ्चालन गरिरहेका चार अस्पताल बन्द गर्न आदेश दिएका हुन् ।

मुख्यमन्त्री सिंहले जीवन ज्योति हस्पिटलको अनुगमनपछि मापदण्ड पूरा नगरेको भन्दै १५ दिनको समयसीमा तोकेका छन् । अस्पतालले १५ शैय्याको अनुमति प्राप्त गरे पनि आकस्मिक कक्षमा आठ बेड र अन्तरङ्ग विभागमा नौ बेड सञ्चालन गर्दै मापदण्डविपरीत स्वास्थ्य सेवा प्रदान गरिरहेको पाइएको छ ।

मुख्यमन्त्री सिंहले अनुगमनपछि लाइफ केयर पोलिक्लिनिक, छिननमस्ता डेन्टल क्लिनिक, सगरमाथा डेन्टल क्लिनिक र नयाँमा हेल्थ केयर एण्ड डाइगनेष्टिक सेन्टरलाई मापदण्ड नपुगेको भन्दै तत्काल बन्द गर्ने आदेश दिए ।

ती अस्पतालले बिना मापदण्ड र दर्ता प्रमाणपत्रको अभावमा स्वास्थ्य सेवा प्रदान गर्दै आएको थियो । प्रदेश सरकारले हालसम्म १ सय ६२ निजी स्वास्थ्य संस्थाको अनुगमन गरिसकेको छ । तीमध्ये १ सय १२ वटा मापदण्ड पूरा नगरेका अस्पताललाई बन्द गराइएको जनस्वास्थ्य अधिकृत सन्तोषकुमार ठाकुरले जानकारी दिए । १७ स्वास्थ्य संस्था मात्र मापदण्डअनुसार सञ्चालनमा रहेको पाइएको छ ।

नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५२ अनुसार बिना दर्ता प्रमाणपत्र स्वास्थ्य सेवा प्रदान गर्नु दण्डनीय अपराध हो । मुख्यमन्त्री सिंहको ध्यानाकर्षणपछि प्रदेशभरका स्वास्थ्य संस्थामा सुधार ल्याउने कार्य तीव्र पारिएको छ । मापदण्ड पूरा नगर्ने स्वास्थ्य संस्थालाई तत्काल सुधार गर्नुपर्ने निर्देशन दिइएको छ ।

# प्रहरी र स्थानीयबीच झडप
# अश्रुग्यास प्रहारमा कैयौँ घाइते

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिका–२३ विन्धीमा होलीका दिन भएको १९ वर्षीय युवक आँशु यादवको हत्या घटनालाई लिएर आक्रोशित स्थानीय र प्रहरीबीच आइतबार बिहान जनकपुरधाम–जलेश्वर सडकखण्डमा झडप भएको छ । स्थानीयले आँशुको हत्यारालाई कारबाही माग गर्दै सडक अवरुद्ध गरेपछि स्थिति तनावपूर्ण बनेको हो ।

झडपक्रममा प्रहरीले दर्जनौँ राउन्ड अश्रुग्यास प्रहार गरेको छ भने लाठीचार्ज गर्दा स्थानीय र प्रहरी दुवै पक्षमा दर्जनौँ घाइते भएका छन् । लाठीचार्जक्रममा आँशुकी आमाको टाउको फुटेको छ । बिहानैदेखि आन्दोलनरत स्थानीयले आँशुको हत्यामा संलग्न भनिएका सबै दोषीलाई पक्राउ गर्नुपर्ने माग गर्दै सडकमा टायर बालेर प्रदर्शन गरेका थिए । प्रहरीले सडक खुलाउन बल प्रयोग गरेपछि स्थिति झनै बिग्रिएको थियो । स्थानीयले प्रहरीको कदमको प्रतिरोध गर्दै आक्रमण गरेपछि प्रहरी पछि हट्न बाध्य भएको र अश्रुग्यास प्रहार गरेको थियो ।

स्थानीयका अनुसार हत्यामा संलग्न भनिएका अन्य ६ जना अझै फरार रहेको र उनीहरू खुलेआम गाउँमै घुमिरहेको आरोप लगाइएको छ । होलीका दिन साँझ आँशुको छुरा प्रहार गरी हत्या गरिएको थियो । हत्याका मुख्य अभियुक्त धर्मेन्द्र महतोलाई प्रहरीले पक्राउ गरिसकेको भए पनि अन्य संलग्न भनिएका व्यक्ति अझै फरार छन् । स्थानीय किटानी जाहेरी दिएको भए पनि अन्य अभियुक्तलाई प्रहरीले पक्राउ नगरेको भन्दै आक्रोशित बनेका छन् ।

मृतक आँशुकी आमाले छोराको न्यायका लागि दुई छोरीसँगै इरिक्शामा मृतक छोराको पोस्टर टाँसेर सडकमा विरोध गरिरहेकी छन् । आन्दोलनमा सहभागी गाउँलेले पीडित परिवारलाई समर्थन जनाउँदै अन्य फरार अभियुक्त पक्राउ नपरेसम्म आन्दोलन जारी राख्ने चेतावनी दिए । सडक अवरुद्ध भएको अवस्थामा पनि स्थानीयले एम्बुलेन्स र अन्य अत्यावश्यक सेवामा कुनै अवरोध गरेनन् । प्रहरीले फरार अभियुक्तको खोजी जारी रहेको जानकारी दिए पनि हालसम्म उनीहरूको ठेगाना नखुल्नाले स्थिति झन् जटिल बन्दै गएको छ । स्थानीयले दोषीलाई तुरुन्तै पक्राउ नगरे आन्दोलन थप उग्र बनाउने चेतावनी दिए ।

# कमिशन नदिँदा एउटा
# मन्दिरको बजेट अर्कै मन्दिरमा !

**मनोज माझी**
**राजविराज ।**
मन्दिर स्तरोन्नतिका लागि आएको बजेटमा मागेजति कमिसन नदिँदा पालिकाले अर्कै मन्दिरका लागि कार्यादेश दिएको सप्तरीको छिन्नमस्ता गाउँपालिका–४ स्थित रामजानकी मन्दिरका महन्थ बुद्दिलाल दासले आरोप लगाएका छन् ।

तराई मधेश समृद्धि कार्यक्रमअन्तर्गत पालिकामा रहेको रामजानकी मन्दिरको स्तरोन्नतिका लागि संघीय सरकारबाट गाउँपालिकामा पठाइएको ६३ लाख रुपैयाँको बजेट प्राप्त गर्न आफूले ९ लाख रुपैयाँ कमिसन दिन नसक्दा पालिकाका जिम्मेवार अधिकारीले बजेट अर्कै मन्दिरका लागि विनियोजन गरी कार्यादेशसमेत दिएको ७५ वर्षीय महन्थ दासले आरोप लगाए ।

उनले पालिका प्रमुख विद्यानन्द चौधरी, उपप्रमुख राजुदेवी यादवको उपस्थितिमा प्रमुख प्रशासकीय अधिकृत केशवकुमार झाले ९ लाख रुपैयाँ कमिसन दिए मात्र कार्यादेश उपलब्ध गराउने भनी जवाफ दिएको सुनाए । आइतबार गाउँमै पत्रकार सम्मेलन गरी उनले कमिसनको खेलमा लागेका गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतको भण्डाफोर गर्न आफूहरु सञ्चारकर्मीमाझ पुगेको बताए ।

विभिन्न विकास निर्माण कार्यमा आफ्नो अनुकूल उपभोक्ता समिति बनाउने र कमिन लिई पालिकालाई भागवण्डाको खेलमैदान बनाउनेको पर्दाफास गर्न पनि पत्रकार सम्मेलन गरिएको महन्थ दासको भनाइ छ । यता छिन्नमस्ता गाउँपालिकका अध्यक्ष विद्यानन्द चौधरीले आफूमाथि लगाइएको आरोप निराधार रहेको बताए । उनले २०८१ भदौमै पालिकाले वडा नम्बर ४ लाई उपभोक्ता समिति गठन गर्न पत्र काटेकामा तत्कालीन कार्यबाहक वडाध्यक्षको अध्यक्षतामा उपभोक्ता समिति गठन भई करिब ३० लाख रुपैयाँ बराबरको काम पनि सम्पन्न भइसकेको जानकारी दिए ।

योजनामा छिन्नमस्ता गाउँपालिका वडा नम्बर ४ मा रामजानकी मन्दिर निर्माण लेखिआएको र वडामा रामजानकी मन्दिर नामकै तीन वटा मन्दिर रहेकाले कार्यबाहक वडाअध्यक्षको सिफारिसमा सबभन्दा पुरानो मलाह टोलस्थित राम जानकी मन्दिर निर्माण कार्यका लागि कार्यादेश दिइएको स्पष्ट पारे ।

# भारतीय सहयोगमा बछौलीमा
# विद्यालय भवन शिलान्यास

**मधेशदृष्टि**
**चितवन ।**
नेपाल भारत विकास सहयोग अन्तर्गत चितवनको रत्ननगर–६ स्थित बछौली माध्यमिक विद्यालयको भवन शिलान्यास भएको छ । भारतकी महावाणिज्यदूत देवी सहाय मिना तथा प्रह्लाद सापकोटाले शिलान्यास गरेका हुन् ।

भवन ३ करोड ५ लाख रुपैयाँको लागतमा निर्माण हुन लागेको हो ।

विद्यालयमा कक्षा १२ सम्म पढाइ हुने गरेकोक छ । उच्च प्रभाव सामुदायिक विकास परियोजना अन्तर्गत भारतले विभिन्न क्षेत्रमा ५ सय ६३ भन्दा बढी योजना शुरु गरेको छ ।

एकसय ८ योजना बागमती प्रदेशमा सञ्चालनमा छ । चितवनमा १० योजना सञ्चालन भइरहेको छ । भारतले नेपाललाई १ हजार ९ एम्बुलेन्स, ३ सय स्कुल बस दिइसकेको छ । यसमा बागमती प्रदेशमा २ सय ३५ एम्बुलेन्स र एक सय स्कुल बस दिइएको छ भने चितवनमा १७ एम्बुलेन्स र ५ स्कुल बस दिइएको छ ।

## सम्पादकीय

# महापुराणले जोडाएको महाभेट

धनुषाको सबैला नगरपालिकाको रघुनाथपुरमा रामनवमीका अवसरमा श्रीमद्भागवत महापुराण कथावाचन सप्ताह हुँदैछ । यस्तो काम मधेशभर भइरहेको छ । कुनै नौलो काम त होइन भन्ने पनि होलान् । तर यसको सामाजिक सन्देश होः महापुराणले बिछोडिएको समाजलाई जोड्दैछ । जुन देश र मधेशकै प्रमुख चिन्ता बन्दै गएको छ ।

मासजा विभक्त, एकल र एकलकाँटे भइरहेको बेला यस्ता धार्मिक अनुष्ठानले पनि सकारात्मक सन्देश दिँदो रहेछ । चैत २४ गतेदेखि ३० गतेसम्म हुने सप्ताहमा सहभागी हुन साविक रघुनाथपुर घर भई काठमाडौँ, जनकपुरलगायत विभिन्न शहरमा स्थापित व्यक्ति, परिवार भेला गाउँमा भेला हुँदैछन् । आयोजक लक्ष्मी हरिहरनाथ मन्दिर धर्मशाला संरक्षण समितिले उनीहरुलाई सबैलाई घरघर पुगेर आमन्त्रण गरेपछि महापुराण मैत्रीमय हुने सम्भावना देखिएको छ । करिब दश लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको कथावाचन सप्ताहले गाउँमा सुविधासम्पन्न धर्मशाला निर्माण र सामुदायिक शिक्षा सुधार अभियानमा सहयोग पुग्ने सपना त छर्दैछ तर विछडिएको समाज एक ठाउँमा जोडिएर सामाजिक र धार्मिक काम गर्ने कार्य पनि कम महत्वको होइन । आयोजक समितिका अध्यक्ष वीरेन्द्र महतो रघुनाथपुर गाउँमा जन्मे, हुर्केर विभिन्न शहरमा स्थापित सबैलाई भेला गर्ने योजना महापुराणको भएको बताउँछन् ।

साविक रघुनाथपुर निवासी भए पनि घरद्वार बेचेर वा जग्गा भए पनि बस्ने घर नहुनेका लागि समुदायस्तरमै 'होमस्टे' को अवधारणामा बास व्यवस्थापन गर्न लागिएको छ । आयोजक समिति सदस्य विनोद पालका अनुसार, सप्ताहबाट धर्मशाला निर्माणसँगै सामुदायिक शिक्षामा सुधार कार्यमा टेवा पुग्ने अपेक्षा छ । यो अपेक्षा त सामाजिक काम हो, तर रघुनाथपुरबासीको एक ठाउँमै भेट हुने अवसर अर्को महत्वपूर्ण कार्य हो । 'साविक रघुनाथपुरबासी जो विभिन्न प्रयोजनको सिलसिलामा बाहिरै शहरमा स्थापित भए, उहाँहरु चाडबाडका बेला पनि घर छाडेर आउन भ्याइरहेका हुँदैनन् । त्यस्ता व्यक्तिहरुसमेत सबै गाउँबासीलाई कथावाचन सप्ताहको बहानाले जोड्न सकियो, यो पुनर्मिलन एउटा उपलब्धि हो,' पालले भने, 'सामाजिक लगानीमा भौतिक विकाससँगै सामाजिक विकासमा सहयोग पुग्ने अर्को उपलब्धी र फड्को हो, जो विछडिएको समाज जोड्न हामी प्रयत्न गरिरहेका छौँ ।' श्रीमद्भागवत महापुराण कथावाचनले समाजमा सत्सङ्गको प्रवर्द्धन हुने अर्को संयोग पनि छ ।

उसो त हरिहरनाथ मन्दिर पछाडि निर्मित भूँइतला भवनमा पहिलो तलाका लागि छ वटा डिलक्स कोठा निर्माण गर्न छ जना दाता तयार भएको सप्ताहका लागि गठित आर्थिक व्यवस्थापन उपसमिति संयोजक जगदिश पूर्वेले जानकारी दिए । उनले धर्मशालाको माथिल्लो तलामा ट्रस्ट निर्माणलगायतका काममा आर्थिक सहयोग जुटाउनुका साथै अध्यात्मको माध्यमले समाजलाई जोड्ने र सकारात्मक सोचको विकासमा थप सहयोग हुने बताए । यसरी गाउँमा एउटा धार्मिक अनुष्ठान हुँदा पहिला पूर्वाधार विकास हुन्थ्यो भने अहिले समाज जोड्ने काममा पनि यस्ता अनुष्ठान जोडिन थालेका छन् ।

# ज्ञानेन्द्र शाहः ४७ को संविधान अनुसार राजा १९ को संविधानमा चले



केदार सुवेदी

पूर्व राजा ज्ञानेन्द्रले सडकमा उत्रनु केही दिन अघि देशमा चलिरहेको गणतान्त्रिक व्यवस्थालाई विधि विधान विरुद्धको भनेर संज्ञा दिए। प्रजातन्त्र दिवसको अघिल्लो लामो सन्देश दिँदै उनले अब आफूलाई साथ दिन आह्वान गर्दै भने, 'आम जनताको मन, मगज र मतका आधारमा देशको विधि व्यवस्था तथा मान्यता अनुसार राज्य सञ्चालन गर्ने सर्वमान्य आदर्श पनि हुनुपर्दथ्यो ।' यसको अर्थ हो अहिले राज्य सञ्चालन जसरी भइरहेको छ त्यो देशको विधि, व्यवस्था तथा मान्यता अनुसार छैन। यसलाई थप व्याख्या गर्दै उनका अनुयायीले सडकमा नारा उराल्न थालेः गणतन्त्र भनेकै भ्रष्ट व्यवस्था हो।

पूर्वराजाले अहिले राज्य सञ्चालन विधि व्यवस्था तथा मान्यता अनुसार छैन भनेर यस्तो आरोप लगाउँदा उनका अनुयायीले त्यस कारण यो भ्रष्ट व्यवस्था भनेर परिभाषित गरिँदा के बिर्सिइयो भने यी पूर्व राजाको करिब ७ वर्षको राज्य सञ्चालन मध्येका करिब १७ महिना देशले प्रचलन गरिरहेको विधि व्यवस्था तथा मान्यता कतै पनि पालना भएको थिएन।

२०५८ जेठ २२ मा संवैधानिक राजाका रूपमा नियुक्त भएका उनले २०५९ असौज १९ देखिनै आफूलाई संविधान मान्न नपर्ने पदाधिकारीका रूपमा प्रस्तुत गरे जो त्यस बेला प्रचलनमा रहेको विधि व्यवस्था तथा मान्यताको बिलकुलै विपरीतको काम थियो।

राजाको कैद हुने काम उनी २०४७ को संविधान अनुसार राजा बनाइएका थिए तर पछि उनले राजकाज भने २०१९ को संविधान अनुसार गरे । यहीँनेर सर्वोच्च अदालतले शाही आयोग गठन सन्दर्भमा उनको त्यो काम आफूमा नभएको अधिकारको प्रयोग भएको अर्थात् नपाएको ओहोदा पाएको भनेर कसुर ठहर गर्नुपर्ने तहको हो भनेको थियो । कतिसम्म भने उनले आफूले नपाएको ओहदा अर्थात् अधिकार पाएको भनेर जसरी व्याख्या गरे र त्यही अपव्याख्याका आधारमा अरूलाई जेल हाल्न भनेर शाही आयोग बनाए। त्यो आफैँ नपाएको अधिकार पाएको भनेर दाबी गरिएको अवस्था हो जुन काम बापत उनी जरिवाना र कैद बाट दण्डित हुनुपथ्र्यो । अख्तियारले एक पदाधिकारी विरुद्ध विशेष अदालतमा दर्ता गराएको मुद्दाले पनि त्यसै भन्छ।

दुई वर्षअघि, २०७९ माघमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका तत्कालीन उपकुलपतिलाई भ्रष्टाचारको मुद्दा लाग्यो । उनी माथि 'नपाएको ओहोदा पाएँ भनी पदीय मर्यादा विपरीत काम गरेको' भन्ने आरोप थियो। यही आरोपमा अख्तियारले उनी विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो । अख्तियारका प्रवक्ताका अनुसार उपकुलपति जस्तो पदमा नियुक्ति भइसकेपछि नियमित काम गर्ने क्रममा अरूले विश्वास गरोस् भनी बदनियत साथ कुनै पनि आधिकारिक निकायबाट प्राप्त नगरेको, नपाएको ओहदा पाएँ भनी अरूले विश्वास गर्ने गरी प्रोफेसर पद प्रयोग गरेको देखियो।

यो भनेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ बमोजिमको कसुर हो। उक्त दफामा नपाएको ओहोदा पाएँ भन्नेलाई एक वर्षदेखि २ वर्षसम्म कैद र ५० हजार देखि १ लाख रुपैयाँ जरिवाना हुने व्यवस्था छ। भ्रष्टाचारको विश्वव्यापी मान्यतामा पनि यी राजाले जे गरेका थिए त्यसलाई भ्रष्टाचार नै भनिँदो रहेछ। भ्रष्टाचारको विश्वव्यापी परिभाषामा कुनै पनि व्यक्तिले आफ्नो पदीय मर्यादा विपरीत गर्ने सबै किसिमका गैर कानुनी र अनैतिक क्रियाकलापहरूलाई भ्रष्टाचार हुन जसमा सार्वजनिक पदमा रहेका पदाधिकारीहरूले आफूमा रहेको शक्ति र अधिकारको दुरुपयोग गरेको कुरा पनि पर्छ । विश्व बैङ्कका अनुसार व्यक्तिगत फाइदाको लागि सार्वजनिक ओहदा र शक्तिको दुरुपयोग नै भ्रष्टाचार हो।

ट्रान्सपरेन्सी इन्टरनेशनलका अनुसार सार्वजनिक क्षेत्रमा चाहे त्यो राजनीतिक वा प्रशासनिक होस उनीहरूलाई गरिएको विश्वास वा सुम्पिएको कार्यको गलत र गैर न्यायिक प्रयोग नै भ्रष्टाचार हो। उल्लेखित विवरणले कुनै पनि राज्य सञ्चालकबाट भ्रष्टाचार हुनका लागि पैसाको लेनदेन मात्रै भनेर परिभाषा गर्न मिल्दो रहेनछ भन्ने बुझाउँछ । राजा ज्ञानेन्द्रको त्यो कार्यकालमा त पैसाको पनि ठुलो चलखेल भएको थियो।

जस्तो, यता राजदरबारका परिवारको सङ्ख्या दरबार भित्रै मारिएका कारण घटेको छ भने उता दरबारको खर्च तीन करोडको ठाउँमा ३३ करोड रुपैयाँ पुराइएको छ। यति मात्रै होइन, ३३ करोड विनियोजन भएको वर्ष यता वास्तविक खर्च भने ७५ करोड रुपैयाँ पुगेको छ। यी अभिलिखित तथ्याङ्क हुन्। ज्ञानेन्द्रले प्रत्यक्ष शासन गरेका एक वर्षमा उनका गृहमन्त्रीले मात्रै करोड भन्दा बढी रकम बाँडेका विवरण सार्वजनिक भएका थिए। पछि अख्तियारले सो रकम उनीबाट असुलउपर गराउन अदालतमा मुद्दा नै हालेको थियो। राजाका यी गृहमन्त्री अहिले गणतन्त्र नै भ्रष्ट व्यवस्था भनेर जिउ ज्यानले लागिरहेका देखिन्छन्।

**नभएको राजकीय सत्ताको प्रयोगः सर्वोच्च**

ज्ञानेन्द्रले २०६१ माघ १९ गते गरेको सत्ता कब्जा २०४७ को संविधानबाट प्रतिस्थापन भैसकेको २०१९ संविधान अनुसार भएको भनेर सर्वोच्च अदालतले नै फैसला सुनाएको छ । तर उनी भने २०४७ को संविधान अनुसार राजा भएका थिए । २०४७ को संविधानले राजकीय सत्ता जनतामा निहित गरेको थियो तर राजाले त्यस्तो सत्ता आफूमा निहित रहेको भनेर राज्यलाई नै ढाँटे । त्यसै कारण उनको निर्णय सर्वोच्चले उनको प्रत्यक्ष शासनकालमा नै खारेज गरिदिएको थियो।

भ्रष्टाचारविरुद्ध राजाले गठन गरेको शाही आयोग नै भ्रष्टाचारको जग रहेको भन्ने सर्वोच्चको व्याख्याले नै बुझाउँछ । २०६२ फागुन १ गते सर्वोच्च अदालत, विशेष इजलासले भ्रष्टाचार नियन्त्रण शाही आयोग, हरिहर भवन ललितपुर समेत विरुद्ध न्यायाधीशहरू केदारप्रसाद गिरी, मीनबहादुर रायमाझी, रामनगिना सिंह, अनुपराज शर्मा, रामप्रसाद श्रेष्ठबाट सर्वसम्मत रूपले गरेको आदेशमा राजा ज्ञानेन्द्रले आफूमा निहित हुँदै नभएको राजकीय शक्ति निहित छ भनेर राज्यलाई कसरी ढाँटेछन् भन्ने विस्तृत व्याख्या भएको छ। राज्य, संस्था वा व्यक्तिलाई ढाँट्नु छल्नु अपराधजन्य काम मानिन्छ अतः यो भ्रष्टाचार पनि हो।

तत्कालीन राजाका तर्फबाट महान्यायाधिवक्ता मार्फत अदालतमा दिइएको जवाफ कार्यकारी प्रमुखको जवाफ मानिन्छ । त्यस बेला देशको कार्यकारी प्रमुखमा राजा आफै थिए। संवैधानिक राजालाई कार्यकारी प्रमुख बन्न प्रचलित संविधान २०४७ ले कतै पनि ठाउँ दिएको थिएन। त्यस कारण राजाका पक्षबाट अदालतमा 'श्री ५ हिन्दू राजा रहिबक्सेको, हिन्दू धर्मबमोजिम राजाले आफ्नो कर्तव्य पालन गर्नुपर्ने, श्री ५ लाई संविधानले नियन्त्रण गर्न नसक्ने, राजकीय सत्ता श्री ५ मा नै निहित रहेको हुनाले जनताको हित हुने कार्य श्री ५ बाट आफ्नै स्वविवेकमा गर्न सकिबक्सने, नेपालको संविधान, २०१९ खारेज नभएकोले उक्त संविधानमा भएको व्यवस्थाअनुसार सार्वभौम अधिकार श्री ५ मा नै रहेको' जस्ता दलिल प्रस्तुत भएका थिए। यसैलाई हुनुपर्छ अदालतले राजाबाट राज्य ढाँटिएको भन्ने निष्कर्ष निकालेको।





**यस्तो छ सर्वोच्च अदालतको फैसलाः**

भ्रष्टाचार नियन्त्रण शाही आयोगको लिखित जवाफमा मुख्य रूपमा नेपालको संवैधानिक रीति स्थिति परम्परा र श्री ५ बाट प्रयोग भई आएको स्वविवेकी अधिकार प्रयोग गरी धारा १२७ बमोजिम आदेश जारी गरिबक्सेको भन्ने भएकोमा भ्रष्टाचार नियन्त्रण शाही आयोग र आयोगका सदस्यहरू तर्फबाट रहनु भएका विद्वान कानुन व्यवसायीहरूबाट श्री ५ हिन्दु राजा रहिबक्सेको, हिन्दु धर्म बमोजिम राजाले आफ्नो कर्तव्य पालन गर्नुपर्ने, श्री ५ लाई संविधानले नियन्त्रण गर्न नसक्ने, राजकीय सत्ता श्री ५ मा नै निहित रहेको हुनाले जनताको हित हुने कार्य श्री ५ बाट आफ्नै स्वविवेकमा गर्न सकिबक्सने, नेपालको संविधान, २०१९ खारेज नभएकोले उक्त संविधानमा भएको व्यवस्थाअनुसार सार्वभौम अधिकार श्री ५ मा नै रहेको आदि कुराहरू बहसमा उठाउनु भएको हुँदा नेपाल अधिराज्यको राजकीय सत्ताको प्रयोगको सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ लागू हुनु भन्दा अगाडि के कस्तो व्यवस्था थियो र उक्त संविधान लागू भएपछि त्यस सम्बन्धमा संविधानमा के कस्तो व्यवस्था रहेको छ ? त्यसतर्फ इजलासको ध्यान जानु आवश्यक भएको छ।

नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ६८ ले संविधान र तत्काल प्रचलित कानुनमा व्यवस्था गरिएदेखि बाहेकका श्री ५ मा निहित अरू सम्पूर्ण राजकीय अधिकार मौसूफमा निहित रहेको भनी राजकीय अधिकारका सम्बन्धमा स्पष्ट व्यवस्था गरिएको पाइयो । नेपालको संविधान, २०१९ को धारा २० को उपधारा (२) ले नेपालको सार्वभौमसत्ता श्री ५ मा निहित रहेको छ । कार्यकारिणी, व्यवस्थापिका र न्याय सम्बन्धी सबै अधिकार मौसूफबाट निश्चित हुनेछ भन्ने व्यवस्था गर्नुका अतिरिक्त धारा ९० ले संविधान वा तत्काल प्रचलित अन्य कानुनमा व्यवस्था गरिएदेखि बाहेकका श्री ५ का अरू सबै अन्तर निहित अधिकार मौसूफमा नै निहित रहनेछन् भन्ने व्यवस्थाबाट धारा २०(२) को व्यवस्था बमोजिमका श्री ५ बाट निश्चित हुने कार्यकारिणी, व्यवस्थापिका र न्याय सम्बन्धी अधिकार समेतका सबै राजकीय सत्ता सम्बन्धित अवशिष्ट अधिकार श्री ५ मा नै स्पष्ट रूपमा निहित गरेको देखिन आयो।

नेपालको संविधान, २०१९ लाई प्रतिसंहरण गरी जारी गरिएको नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपाल अधिराज्यको राजकीय सत्ता र सार्वभौम अधिकारको बारेमा के कस्तो व्यवस्था गरेको छ ? भन्ने सम्बन्धमा संविधानको प्रस्तावना अध्ययन गर्दा स्वतन्त्र र सार्वभौम सत्ता सम्पन्न नेपाल अधिराज्यको राज्य शक्तिको श्रोत नेपाली जनता नै हो भन्ने तथ्यलाई हृदयङ्गम गरी लोक सम्मति अनुकूल शासन व्यवस्था सञ्चालन गर्ने सङ्कल्प समय समयमा अभिव्यक्त भएको र नेपाली जनताले केही समय अघि भएको जन आन्दोलनको माध्यमबाट संवैधानिक परिवर्तन गर्ने इच्छा अभिव्यक्त गरेकोले सो अनुरूप नेपाली जनतालाई चिर काल पर्यन्त सामाजिक राजनैतिक एवम् आर्थिक न्याय प्राप्त हुन सकोस् भन्ने उद्देश्यबाट नेपाल अधिराज्यको संविधान, २०४७ निर्माण भएको भन्ने उल्लेख भएको देखिन्छ।

प्रस्तावनामा उल्लेख गरिएको उक्त ब्यहोराबाट नेपाली जनता नै राज्य शक्तिको श्रोत भएको तथ्यलाई आत्मसात् गरिएको र नेपाली जनताले आन्दोलनको माध्यमबाट नेपालको संविधान, २०१९ अनुसारको संवैधानिक व्यवस्थामा परिवर्तन चाहेको मूल कारणबाट नै नेपाल अधिराज्यको संविधान, २०४७ को आवश्यकता भएको भन्ने स्पष्ट हुन्छ । प्रस्तावनाको दोस्रो अनुच्छेदमा नेपाल अधिराज्यको शासन व्यवस्थाको स्वरूप कस्तो हुने भन्ने सम्बन्धमा प्रत्येक नेपालीको आधारभूत मानव अधिकार सुरक्षित गर्ने, स्वतन्त्रता र समानताको आधारमा नेपाली जनताका बिच भ्रातृत्व र एकता कायम गर्ने, बालिग मताधिकार, संसदीय शासन प्रणाली, संवैधानिक राजतन्त्र, तथा बहुदलीय प्रजातन्त्रलाई सुदृढ गर्ने, स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानुनी राज्यको अवधारणालाई साकार पार्ने जस्ता लक्ष्य हासिल गर्ने उद्देश्य समेत संविधानले लिएको देखिन्छ।

प्रस्तावना कै तेस्रो अनुच्छेदमा नेपाली जनताको इच्छा अनुसार संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्यको राजकीय सत्ता र सार्वभौम अधिकार यसै संविधान बमोजिम प्रयोग हुने गरी श्री ५ बाट प्रयोग भइआएको राजकीय सत्ताको प्रयोग गरिबक्सी मन्त्रिपरिषद्को सल्लाह र सम्मतिअनुसार संविधानको घोषणा गरी लागू गरिबक्सेको भन्ने उल्लेख छ । संविधानको धारा ३ मा नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहनेछ जसको प्रयोग यस संविधानमा व्यवस्था भएबमोजिम हुनेछ भन्ने व्यवस्था छ । त्यस्तै गरी वर्तमान संविधानले शासन व्यवस्था सम्बन्धी कार्यकारिणी, व्यवस्थापकीय तथा न्याय सम्बन्धी मूलभूत अधिकारहरूराज्यका प्रमुख तीन अङ्गमा विभाजन गरी शक्ति पृथकीकरणको सिद्धान्तलाई अनुसरण गरेको अवस्था समेत रहेको देखिन्छ।

नेपाली जनताको इच्छाअनुसार यो संविधान प्रारम्भ भएपछि नेपाल अधिराज्यको राजकीय सत्ता, सार्वभौम अधिकार यसै संविधान बमोजिम प्रयोग हुने भन्ने नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनाले स्पष्ट रूपमा व्यक्त गरेको अवस्था छ। नेपाल अधिराज्यको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम नै प्रयोग हुने भएपछि नेपाल अधिराज्यको संविधान, २०४७ लागू हुनु पूर्वको नेपालको संविधान, २०१९ ले व्यवस्था गरे बमोजिम नेपालको सार्वभौमसत्ता श्री ५ मा निहित रहेको, कार्यकारिणी, व्यवस्थापिका र न्यायसम्बन्धी सबै अधिकार श्री ५ बाट निसृत हुने भनी सम्झन मिल्ने अवस्था देखिँदैन।

संवैधानिक परिवर्तन पछि नेपाल अधिराज्यको राजकीय सत्ता र सार्वभौम अधिकार नेपाल अधिराज्यको संविधान, २०४७ ले व्यवस्था गरे बमोजिम मात्र प्रयोग हुन सक्ने स्पष्ट संवैधानिक व्यवस्था भइरहेको यस स्थितिमा राजकीय सत्ता सम्बन्धमा अलमल गरी विवाद उठाउनु र नेपालको संविधान, २०१९ खारेज भएको छैन भन्ने जस्ता तर्क गर्नु संवैधानिक आधार र व्यवस्था विपरीत हुन जान्छ । संविधानले मूल एवं शक्तिशाली कानुनको स्थान ग्रहण गर्दछ। लिखित संविधान भएका मुलुकहरूमा शासनको सिद्धान्त एवं व्यवस्था, क्रियाकलाप, राज्यका विभिन्न अङ्गहरूमा राजकीय सत्ताको बाँडफाँड संविधानले नै तय गरेको हुन्छ। संविधानले गरेको व्यवस्था र निर्धारण गरेका विषयवस्तुको उल्लङ्घन गर्नु संविधान विपरीत हुन्छ र यस्तो उल्लङ्घनको अवस्थाले संवैधानिक समस्या सिर्जना हुने हुँदा यस्तो स्थिति आउन नदिनु वा टार्नु राज्यको हितमा हुने हुन्छ।

**भ्रष्टाचार आयोग गठनमा नै भ्रष्टाचार**

भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ लागू हुनु पूर्वका प्रयास र व्यवस्थालाई समेत दृष्टिगत गरी प्रभावकारी संयन्त्रको रूपमा नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था रहेको छ । सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुन बमोजिम अनुसन्धान वा तहकिकात गर्ने वा गराउन पाउने अधिकार धारा ९८(१) ले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रदान गरेको र अनुसन्धान तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुन बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेको व्यक्ति र अपराधमा संलग्न अन्य व्यक्ति उपर कानुन बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा चलाइने व्यवस्था भएबाट अनुचित कार्य वा भ्रष्टाचारका सम्बन्धमा अनुसन्धान तहकिकात गरी अधिकार प्राप्त अदालतमा मुद्दा चलाउने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा रहेको देखियो।

अनुचित कार्य वा भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग संविधानतः महत्त्वपूर्ण संरचना भएबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई संविधानले तोकेको जिम्मेवारी संवैधानिक व्यवस्था यथावत् रहेसम्म संवैधानिक व्यवस्था अनुसरण गर्नु नै संविधानसम्मत हुन जान्छ । कुनै कारण देखाएर संवैधानिक अङ्गलाई प्रदान गरिएको काम कर्तव्य र अधिकारमा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा प्रभाव पार्ने, अतिक्रमण हुने या संवैधानिक निकाय प्रभावित वा प्रभावहीन अवस्थामा पुग्ने कार्यबाट संवैधानिक जग कमजोर मात्र होइन खलबलिन पनि पुग्दछ, संविधानवाद र संविधानको विकासमा समेत अवरोध पुग्न जान्छ।

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५(७) प्रयोग गरी भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन गरिबक्सेको २०६१।११।५ अतिरिक्तांक ५५ मा प्रकाशित आदेश अध्ययन गर्दा आदेशको दफा २ ले तस्करी गरेको वा राजस्व छलेको, अनियमित ठेक्का पट्टा वा कमिसनमा संलग्न भएको, प्रचलित कानुन बमोजिम भ्रष्टाचार मानिने अन्य काम गरेको अवस्था देखिए छानबिन गरी कारवाई गर्ने काम, कर्तव्य, अधिकारका अतिरिक्त दफा २(४) ले भ्रष्टाचार सम्बन्धी प्रचलित कानुन बमोजिम अनुसन्धान अधिकारीले प्रयोग गर्न पाउने सबै अधिकार र विशेष अदालत ऐन, २०५९ बमोजिम विशेष अदालतलाई प्राप्त अधिकार प्राप्त हुने भन्ने उल्लेख गरिएको देखिन्छ।

दफा ६ ले भ्रष्टाचार सम्बन्धी प्रचलित कानुन बमोजिम कसुर गरेको प्रमाणित भएमा आयोगले निजलाई सोही कानुन बमोजिम सजाय गर्न सक्नेछ भन्ने व्यवस्थाबाट आयोगको नाममा आयोगबाट गरिने छानबिन सम्बन्धी कार्य र गरिने सजाय समेतका सबै कार्य र अधिकारको प्रयोग भ्रष्टाचारसँग सम्बन्धित देखिन आएको छ। आदेशको दफा २ र ६ को व्यवस्था हेर्दा छानबिन गर्ने र सजाय गर्ने अधिकार भ्रष्टाचार नियन्त्रण शाही आयोगमा नै रहेपछि छानबिन गरी मुद्दा चलाउने भ्रष्टाचार नियन्त्रण शाही आयोग भित्रको छुट्टै निकायले गर्ने गर्छ भन्ने भनाइ कानुनको दृष्टिमा कुनै महत्त्व राख्ने देखिँदैन। छानबिन गरी कार्यवाही गर्ने र सजाय गर्ने दुवै अधिकार भ्रष्टाचार नियन्त्रण शाही आयोगमा निहित रहेको स्पष्ट देखिन आएको छ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९८ ले सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेकोमा अनुसन्धान तहकिकात गरी सार्वजनिक पद धारण गरेको व्यक्तिले कानुन बमोजिम भ्रष्टाचार मानिने काम गरेको देखिएमा कानुन बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई काम, कर्तव्य र अधिकार तोकिएको अवस्थामा अनुसन्धान गर्ने निकाय र मुद्दा सुन्ने निकाय एउटै नभई छुट्टाछुट्टै हुनुपर्ने संवैधानिक व्यवस्था स्पष्ट छ। नेपाल अधिराज्यको संविधानले भ्रष्टाचार सम्बन्धमा अनुसन्धान तहकिकात गर्ने निकाय र मुद्दा हेर्ने निकायको छुट्टाछुट्टै व्यवस्था गरेकोमा भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई छानबिन कारवाई गर्ने र सजाय गर्ने समेतको कार्य एउटै निकायलाई तोक्ने कार्य संविधानको उद्देश्य र भावना अनुकूल रहेको भन्न मिल्ने समेत देखिन आएन। आइएनएस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।



**कलश शोभायात्राः** चैते दशैँको अवसरमा सर्लाही सदरमुकाम मलङ्गवामा निकालिएको कलश शोभायात्रा । तस्बिरः विश्वनाथ ठाकुर

# कालोपट्टी बाँधेर पत्रकार रजक हत्याको विरोध

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल पत्रकार महासंघ धनुषाले आइतबार पत्रकार सुरेश रजकको योजनाबद्ध हत्या र मिडिया हाउसमाथि भएको आक्रमणको विरोधस्वरूप एक घण्टा कालोपट्टी बाँधेर प्रदर्शन गरेका छन् । महासंघले सम्पूर्ण सञ्चारकर्मीलाई आह्वान गर्दै कार्यस्थलमा कालोपट्टी बाँधेर विरोध जनाउन आग्रह गरेको थियो ।

शुक्रबार राजावादीको आन्दोलनक्रममा अराजक समूहद्वारा भएको आगजनीमा पत्रकार रजकको मृत्यु भएको थियो । घटनामा अन्य केही पत्रकार घाइतेसमेत भएका थिए । आगजनीका साथै विभिन्न मिडिया हाउसमा तोडफोड र सञ्चार सामग्री हराउने घटनाले प्रेस स्वतन्त्रतामाथि गम्भीर आक्रमण भएको महासंघले बताएको छ ।



नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साहले पत्रकार र सञ्चारमाध्यममाथि भएको आक्रमणलाई प्रेस स्वतन्त्रता र लोकतन्त्रप्रतिको गम्भीर चुनौतीको रूपमा लिएको बताए । महासंघले घटनामा संलग्न दोषीलाई तत्काल पक्राउ गरी कानूनी कारबाही गर्न माग गरेको छ । साथै, घटनाको सत्यतथ्य छानबिन गरी सार्वजनिक गर्न पनि माग गरिएको छ ।


## धितो लिलामी गर्ने बारे १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/१२/१८ गते)

तपशिलमा उल्लेखित ऋणी संस्थाले **जनकपुर** शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै मिति २०८०/११/१५ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्बजनिक सुचना प्रकाशित गरेको र २०८१/०५/०७ गते जनकपुर टुडे दैनिकमा धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना प्रकाशित गर्दा समेत गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि १५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साबिकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्वन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम **कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।**

**ऋणी संस्थाको नाम :** श्री. धनुष पर्यटन सहकारी संस्था लि । **रजिष्टर्ड ठेगाना :** धनुषाधाम १ धनुषा ।
**दर्ता नं:** १५१३ /२०७०/७१

**संचालक तथा जमानीकर्ताको विवरण**

| | |
|---|---|
| **१) नाम : विनिता यादव (अध्यक्ष जमानीकर्ता)**<br>बाबु : शिव नारायण मरिक<br>पति : ध्रुव नारायण यादव<br>ससुरा : धनिकलाल यादव<br>ना प्र नं. : १७३०११/७२८<br>ठेगाना : हरिने ७, धनुषा | **५) नाम : युगेश्वर यादव (संचालक जमानीकर्ता)**<br>बाबु : रामप्रसाद गोईत यादव<br>बाजे : आनन्द गोईत यादव<br>ना.प्र.नं :१७१६२४४३९९<br>ठेगाना : बिसरभोरा ८ ,धनुषा |
| **२) नाम : अजिज नदाफ (उपाध्यक्ष जमानीकर्ता)**<br>बाबु :मुसलिम नदाफ<br>बाजे : सोमन नदाफ<br>ना.प्र.नं : १७९०५२२०७३<br>ठेगाना : सुगामधुकरही १, धनुषा | **६) नाम : देव सरण रान यादव (संचालक जमानिकर्ता)**<br>बाबु : राम चन्द्र रान यादव<br>बाजे : सुरतिया रान यादव<br>ना.प्र.नं : ३६२८२५५९<br>ठेगाना : हरिने ७, धनुषा |
| **३) नाम : राम चन्द्र यादव (सचिव जमानीकर्ता)**<br>बाबु : राम लखन भिनवार<br>बाजे : हिताई भिनवार<br>ना.प्र.नं : ३५००१९०२<br>ठेगाना : हपिुर हडवाडा ९, धनुषा | **७ ) नाम : विजय पण्डित कुमहार (संचालक जमानीकर्ता)**<br>बाबु : उमेश पण्डित कुम्हार<br>बाजे : रामसुनर पण्डित<br>ना.प्र.नं :१७३०६१/४९<br>ठेगाना : प्र.को.महुवा ५, धनुषा |
| **४) नाम : अंजुला कुमारी (कोषाध्यक्ष जमानीकर्ता)**<br>पति : अजय कुमार साह<br>ससुरा : राम बृक्ष साह<br>बाबु : बलदेव साह<br>ना.प्र.नं : ८९७९१८८१<br>ठेगाना : पचहर्वा ४, धनुषा | **८ ) नाम : दिपु कुमार यादव (व्यवस्थापक जमानीकर्ता)**<br>बाबु : युगेश्वर यादव<br>बाजे : राम प्रसाद गोइत यादव<br>ना.प्र.नं : १७-०२-७३-०१०१६<br>ठेगाना : बिसरभोरा ८, धनुषा |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री धनिकलाल यादव को बुहारी श्री ध्रुव नारायण यादवको श्रीमती धनुषा जिल्ला हरीने गा.वि.स. वडा न. ७ बस्ने **श्री विनिता यादवको** नाममा मालपोत कार्यालय जनकपुरधाम धनुषा मा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. १ सिट नं १३५६२४ को कित्ता नं १५, ३०१ र ३०३ को क्षेत्रफल क्रमश ०-०-३-२, ०-०-६-१.२५ र ०-०-१३-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२ श्री हितो पंडित को बुहारी श्री भविक्षण पंडित कुम्हारको श्रीमती धनुषा जिल्ला नुनुपटि गा.वि.स. वडा नं. १ बस्ने **श्री उर्मिला देवीको** नाममा मालपोत कार्यालय जनकपुरधाम धनुषा मा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला पचहर्वा गा.वि.स. वडा नं. ५ को कित्ता नं ९२२ को क्षेत्रफल ०-३-२-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

३ श्री राम बृक्ष साहको बुहारी श्री अजय कुमार साहको श्रीमती धनुषा जिल्ला पचहर्वा गा.वि.स. वडा नं. ४ बस्ने श्री अंजुला कुमारीको नाममा मालपोत कार्यालय जनकपुरधाम धनुषा मा दर्ता श्रेस्ता कायम रहेको धनुषा जिल्ला जनकपुर न. पा. वडा नं. २ सिट नं १३९६०४ को कित्ता नं ३४५ को क्षेत्रफल ०-०-४-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु :**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु. ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी बैंक लिमिटेडको नाममा Kumari Bank LTD पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.००१०००१४८६६००००१ मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै जनकपुर शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले १५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा बैंकको शाखा कार्यालय जनकपुरमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश गर्ने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) सुरक्षणमा रहेको धितोहरु आशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web : www.ncbl.coop


# मिथिला क्षेत्र पर्वमय

**महोत्तरी ।**
मधेशको प्राचीन मिथिला क्षेत्र चैत शुक्लपक्ष शुरु भएसँगै पर्वमय बनेको छ । आइतबार चैत शुक्ल प्रतिपदासँगै वासन्ती नवरात्र प्रारम्भ भएको छ । यसैभित्र चैतीछठ मनाइने हिन्दू मैथिल परम्परा छ । यसपालि वासन्ती नवरात्रभित्रै इस्लाम धमावलम्बीको मुख्य चाड इद पनि परेको हुँदा यहाँको परिवेश पर्वमय बनेको हो ।

हिन्दू परम्पराका मैथिल अहिले वासन्ती नवरात्रको तयारीमा छन् । चैत शुक्ल प्रतिपदासँगै शुरु हुने वासन्ती नवरात्रका अवसरमा मधेशका महोत्तरीसहित प्राचीन मिथिला क्षेत्रका देवी शक्तिपीठ र मन्दिरमा आइतबार घटस्थापना गरिएको छ ।

चैत शुक्ल प्रतिपदादेखि नवमीसम्म नौ दिन मनाइने वासन्ती नवरात्रमा दिनैपिच्छे नवदुर्गाको पूजाआराधनाको मैथिल परम्परा छ । हिन्दू परम्परामा वर्षको दुईपटक नवरात्र मनाइन्छ । असोज शुक्ल प्रतिपदादेखि नवमीसम्मको शारदीय नवरात्र र चैत शुक्ल प्रतिपदादेखि नवमीसम्मलाई वासन्ती नवरात्र भनिन्छ । दुवै नवरात्रमा समान विधिले नवदुर्गा भवानीको आराधना गरिन्छ । शारदीय नवरात्रपछि दशमीदेखि पूर्णिमासम्म मान्यजनबाट टीका थाप्ने चलन भने वासन्ती नवरात्रमा छैन । नवरात्रको पहिलो दिन नयाँ माटाका घडामा पूर्णकलश स्थापना गरेर नवदुर्गाको आराधनासँगै चण्डी पाठको परम्परा छ । यी नौ दिनमा देवी दुर्गाका नौ रुप क्रमशः शैलपत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्रीको आराधना गरिन्छ ।

# स्वास्थ्यकर्मीले सिडिओलाई बुझाए ज्ञापन

**आरके श्रीवास्तव**
**गरुडा ।**
स्तरवृद्धि माग गर्दै रौतहटका स्वास्थ्यकर्मी आन्दोलित भएका छन् । आइतबार जिल्लाभर कार्यरत सिअहेव र सिअनमी चौथो–पाँचौं तहका स्वास्थ्यकर्मीले प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएका छन् ।

जिल्लास्तरीय संघर्ष समिति संयोजक काशी साहको नेतृत्वमा गएका स्वास्थ्यकर्मीको टोलीले सहायक प्रमुख जिल्ला अधिकारी रामनरेश प्रसाद यादवलाइ ज्ञापनपत्र बुझाएका हुन् । मधेश प्रदेश अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी स्तरवृद्धि माग गर्दै आन्दोलित छन् । मधेश प्रदेशका आठ जिल्लामा १ हजार ८ सय स्वास्थ्य क्षेत्रका कर्मचारीको स्तरवृद्धि मधेश सरकारले रोका गरेकाले स्तरवृद्धि माग गर्दै नियमित प्रदर्शन गरिरहेको संघर्ष समितिका कोषाध्यक्ष संजिव साहले जानकारी गराए ।

पटकपटक नियमित स्तरवृद्धि माग गरे पनि प्रदेश सरकारले सुनुवाइ नगरेपछि प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउनु परेको उनले बताए । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम विगतदेखि पाउँदै आएको दुई तह स्तर वृद्धि, स्वास्थ्य सेवामा प्रथम प्रवेश बिन्दु चौथो तह भएकाले खुलाबाट पदपूर्ति शतप्रतिशत हुनुपर्नेलगायत माग राख्दै स्वास्थ्यकर्मी आन्दोलित छन् । उनीहरुले चैत २५ गते वृहत् विरोध प्रदर्शनसहित मधेश प्रदेशका मुख्यमन्त्री कार्यालयअगाडि धर्ना दिने कार्यक्रम तय गरेको प्रदेशस्तरीय संघर्ष समिति सदस्य कस्तुभमणि साहले जानकारी दिए ।

# जसपाको औरही गाउँपालिकामा वडाअधिवेशन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी नेपाल (जसपा) औरही गाउँपालिका वडा नम्बर १ को वडा अधिवेशन सर्वसम्मत सहमतिका साथ सम्पन्न भएको छ । अधिवेशनबाट युवा नेता रामजीवन यादव पुनः सर्वसम्मतिले पार्टीको वडा अध्यक्षमा निर्वाचित भएका छन् । अधिवेशनमा पार्टीका विभिन्न तहका प्रतिनिधिहरूको सहभागिता थियो । वडा अधिवेशनमा जसपा नेपालका केन्द्रीय सदस्य एवम् मधेश प्रदेशका सांसद रामअशिष यादवको विशेष उपस्थिति थियो । उनले संगठनको सुदृढीकरण र एकताको आवश्यकता औँल्याउँदै पार्टीलाई थप सशक्त बनाउन नेता तथा कार्यकर्तालाई सक्रिय हुन आह्वान गरे ।

नगर अध्यक्ष कमलदेव मण्डलले दिएको जानकारीअनुसार अधिवेशनबाट वडा कमिटीका पदाधिकारी, सदस्य, नगर तथा जिल्ला प्रतिनिधिहरू सर्वसम्मत रूपमा चयन गरिएका छन् ।

# हुलाक सेवा समयसापेक्ष बनाउन जोड

**जनकपुरधाम ।**
हुलाक सेवालाई समयसापेक्ष र ग्राहकको चाहनाअनुसार भरपर्दो बनाउन स्पष्ट कानुन बनाउनुपर्नेमा जोड दिइएको छ । हुलाक निर्देशनालय जनकपुरधामद्वारा आयोजित द्रुत डाँक सेवा (इएमएस) विषयक अन्तरक्रियाका सहभागीले हुलाक सेवालाई स्रोतसाधन सम्पन्न बनाउँदै अगाडि बढाउनुपर्नेमा जोड दिएका हुन् ।

सूचना प्रविधिको युगमा हुलाक सेवामा परिवर्तन नआएकाले शिथिल बन्न पुगेको भन्दै यसको आवश्यकता, औचित्य र सम्भावनाबारे गम्भीर समीक्षा गरी आवश्यक काम गरिनुपर्ने वक्ताहरूको भनाइ थियो । जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले तीनै तहका सरकारको समन्वय र सहकार्यमा सेवालाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता औँल्याए ।

हुलाक सेवा विभागका निर्देशक धुरवराज आचार्यले द्रुत डाँक सेवालाई प्रभावकारी बनाउनका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा पहल भइरहेको र भएको सेवालाई गुणस्तरीय तथा प्रभावकारी गराउनतर्फ विभाग लागिपरेको बताए । मुलुक सङ्घीय संरचनामा गइसकेपछि विभिन्न स्थानीय तहमा ६ सय ६७ हुलाक कार्यालय र १ सय ५ वटा हुलाक काउन्टर स्थापना भई चार हजार ६ सय १९ कर्मचारीमार्फत काम भइरहको उनले जानकारी दिए । विभागद्वारा सञ्चालित द्रुत डाँक सेवा देशका ४५ जिल्ला तथा नेपालबाहेक ३९ देशसँगको सहकार्यमा सञ्चालन भइरहेको विभागको अन्तरराष्ट्रिय सम्बन्ध शाखाका शाखा अधिकृत जीतबहादुर परियारले जानकारी दिए । कार्यक्रममा हुलाक निर्देशनालयका निमित्त निर्देशक लाल झाले हुलाकको काम, कर्तव्य, अधिकार, समस्या तथा चुनौतीका विषयमा जानकारी दिए ।






# चैतेदशैँका लागि त्रिशूली देवी मन्दिर खुला

**महोत्तरी ।**
जलेश्वरनाथ महादेव मन्दिर परिसरमा रहेको प्रख्यात त्रिशूली देवीको मन्दिर चैतदशैँका आइतबारदेखि सर्वसाधारणको दर्शनका लागि खोलिएको छ । मन्दिर प्रत्येक वर्ष असोज र चैतदशैँका बेला दुईपटक मात्रै खुला गरिन्छ । मन्दिरका पुजारी उपेन्द्र पाठकले त्रिशूली देवीको पूजाआजा र सर्वसाधारणको दर्शनका लागि आजदेखि मन्दिर खुला गरिएको र दर्शनार्थीको भीड लागेको बताए । मन्दिरमा महोत्तरी, धनुषा, सिरहा, सर्लाही जिल्लालगायत भारतको सीतामढी र मधुवनी जिल्लाबाट भक्तजन आउने गरेका छन् । दशैँमा त्रिशूली देवीको पूजा र दर्शन गर्न नपाएका भक्तजन पुनःवर्षभरि माताको मन्दिर खुल्ने प्रतिक्षा गर्नुपर्ने हुन्छ । त्रिशूली मन्दिरमा भाकल गरेको पूरा हुने जनविश्वास छ ।


## बिहान ५ बजे नै पिडिएफ उपलब्ध

मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

**मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्**

# दलितका छोराछोरीलाई निःशुल्क ट्युसन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर ४ सुगौलीमा दलित बालबालिकाका लागि निःशुल्क ट्युसन केन्द्र सञ्चालन गरिएको छ । सुगौलीमा मुसहर र चमार समुदायका ४० बालबालिकाका लागि मित्र फाउन्डेसन ललितपुरको सहयोगमा निःशुल्क ट्युसन केन्द्र सञ्चालन गरिएको हो ।

नियमित रूपमा विद्यालय नजाने, घरमा गृहकार्य नगर्ने समस्या देखिएपछि दलित बालबालिकालाई शिक्षामा अभिप्रेरित गर्न दुई महिनादेखि ट्युसन केन्द्र सञ्चालन गरिएको हो । संस्थाका संस्थापक गोविन्द न्यौपानेका अनुसार ट्युसन कक्षा प्रत्येक दिन करिब डेढदेखि दुई घन्टा सञ्चालन हुँदै आएको छ । त्यसका लागि ट्युसन सञ्चालनको जिम्मेवारी सहजकर्ता प्रतिमा कुमारी रामलाई दिइएको छ । बस्तीमा मुसहर, चमार, दुसाधलगायतका २ सयको बसोबास छ । तर, त्यहाँका ७० भन्दा बढी बालबालिका अझै विद्यालय शिक्षाबाट वञ्चित रहेको स्थानीय राजु माझीले बताए ।

यस्तै, पटेर्वा सुगौली गाउँपालिकाका विभिन्न स्थानमा निःशुल्क आँखा शिविरबाट २ सय ५० लाभान्वित भएका छन् । सहज सेवा सीप विकास केन्द्र पटेर्वा सुगौलीको आयोजना तथा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुगौली दाप र सुगौली सामुदायिक भवनमा निःशुल्क आँखा शिविर भएको हो । नेपाल राष्ट्रिय माध्यमिक विद्यालय सुगौली दापको प्रांगणमा आयोजित शिविरमा एक सय जनाको आँखा परीक्षण गर्दा २७ जनामा मोतियाबिन्दु फेला परेको आँखा अस्पतालका मेडिकल संयोजक महेश सिंह धामीले जानकारी दिए । यस्तै सुगौली सामुदायिक भवनमा आयोजित शिविरमा १ सय ५० जनाको आँखा परीक्षण गर्दा ती मध्ये ४५ जनामा मोतियाबिन्दु भेटिएको उनले बताए । शिविरमा सामुदायिक आँखा अस्पतालका मेडिकल संयोजक महेश सिंह धामी, चिकित्सक ओमप्रकाश चौधरी, राजेश चौधरी, चाँदनी जैसवाल लगायतले सेवा प्रदान गरेका थिए ।

# पैसा भनेपछि ५ सय पनि नछोड्ने है !

**मधेशदृष्टि**
**वीरगंज ।**
शिक्षा विकास तथा समन्वय इकाई पर्साले नियमविपरीत शिक्षा सेवा आयोगबाट पास भई पदस्थापनका लागि आएका शिक्षकशिक्षिकासँग रकम असुलेको पाइएको छ । पदस्थापनका लागि चिठी लिन कार्यालय आउने प्राथमिक तहका शिक्षक–शिक्षिकासँग ५ सय रुपैयाँ पनि नछोडी सबैसँग रकम असुल गरेको पाइएको हो ।

शिक्षा विकास तथा समन्वय इकाई पर्साका प्रमुख हरिराउत कुर्मीले २०७० सालमा शिक्षा समितिले गरेको निर्णयको आधारमा रकम असुल गरिएको दाबी गरे । यद्यपि, पदस्थापनमा रकम लिने कुनै कानूनी व्यवस्था छैन । पुरानै निर्णयका आधारमा रसिद दिई रकम लिइएको हो । शिक्षा समिति पर्साका संयोजक एवम् जिल्ला समन्वय समिति पर्साका सभापति निरञ्जन सर्राफले पैसा लिने कुनै निर्णय नभएको बताएका छन् तर पदस्थापनका लागि ५ सय रुपैयाँ नतिरी सुखै छैन ।

समितिका पदेन सदस्य तथा पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले पनि आफूलाई गुनासो प्राप्त भएको जानकारी दिँदै, किन रकम असुल गरिएको भन्ने विषयमा बुझ्न शिक्षा विकास तथा समन्वय इकाई प्रमुखलाई जिल्ला प्रशासन कार्यालयमा बोलाइएको बताए ।

पदस्थापनका लागि चिठी लिन गएका शिक्षक–शिक्षिकाले पदस्थापन प्रक्रिया पारदर्शी नभएको, सोर्स–फोर्स र आर्थिक चलखेल गरी मिलाइएको गुनासो गरेका छन् । उनीहरूले क्रम संख्याको बेवास्ता गरी, राजनीतिक पहुँच र आसेपासेका आधारमा पदस्थापन गरिएको आरोप लगाए । समितिका सदस्य तीर्थराज यादव र विनोद गिरीले पनि रकम असुलबारे आफूहरूलाई कुनै जानकारी नभएको प्रतिक्रिया दिए ।

# उद्योग व्यवसाय धरापमा परेको सप्तरीका व्यवसायीको गुनासो

**मधेशदृष्टि**
**राजविराज ।**
मन्दीको मारमा परेको समयमा चन्दाको मागसमेत बढ्दा व्यापार व्यवसायमा समस्या भइरहेको सप्तरीका व्यवसायीले पीडा व्यक्त गरेका छन् । आइतबार सप्तरी उद्योग वाणिज्य संघले गरेको पत्रकार सम्मेलनमा उनीहरुले यस्तो पीडा पोख्दै सरोकारवालाको ध्यानाकर्षण गराए ।



संघका अध्यक्ष लालुप्रसाद अग्रवालले विगतमा कोरोनाकाल तथा बैंकको मनपरी ब्याजका कारण थलिएको व्यापार सम्हाल्न नपाउँदै चन्दा आतंक र खुला सीमानाको फाइदा उठाउँदै तस्करबाट हुने चोरीपैठारीका कारण व्यापार व्यवसाय चौपट भएको गुनासो गरे । 'कारोबार नहुँदा लिएको ऋणको पनि बैंकलाई किस्ता बुझाउन नसकिरहेका व्यापारीमाथि विभिन्न नाममा चन्दा माग्न थालिएको छ,' अध्यक्ष अग्रवालले भने, 'यसले यहाँका व्यापारीलाई आर्थिक र मानसिक समस्या थपिएको छ ।'

खुला सिमानाबाट भन्सार चोरीका समान खुलेआम आयात भइरहँदा व्यवसायमा ठूलो धक्का लागेको बताउँदै उनले अहिले राजनीतिक दलक सम्मेलन, अधिवेशन, आमसभा, खेलकुद, प्रतियोगिता र धार्मिक गतिविधिलगायत विभिन्न नामबाट दिनहुँ चन्दा माग भइरहेका कारण व्यापारीलाई टिक्नै गाह्रो भइरहेको पीडा सुनाए । विगतमा भूमिगत समूहले चन्दा मागेर दुःख दिने गरेको स्मरण सुनाउँदै उनले हाल त्यस्तो अवस्था नरहे पनि मूलधारका राजनीतिक दलदेखि तीनका भ्रातृसंगठन तथा अन्य विभिन्न नामबाट चन्दा माग हुँदै आएका कारण आफूहरु पीडित बनेको बताए ।

उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्यसमेत रहेका सप्तरी उद्योग वाणिज्य संघका निर्वतमान अध्यक्ष अरुण प्रधानले चार वर्ष यता व्यापार व्यवसाय चौपट बन्दै गएका कारण राजविराजमा मात्रै डेढ सय जति भाडाका पसल र सटर बन्द भएको र अरु पनि बन्द हुने अवस्थामा पुगेको बताए । उनले आर्थिक मन्दी र व्यापार घाटाका कारण कतिपय व्यापारी घर भाडा तिर्न नसकेको बताउँदै अहिले व्यापारी चन्दा दिनसक्ने अवस्थामा नरहेको सुनाउने गरेको बताए । उनले ब्याजका लागि बैंकिङ क्षेत्रबाट बढदो दबाब, अव्यवहारिक करलगायतका समस्याबाट उद्योगी व्यवसायी हैरान बनेको भन्दै राज्यले उद्योगी व्यवसायीको समस्याप्रति गम्भीर चासो देखाउनु पर्ने आवश्यकता औंल्याए । पत्रकार सम्मेलनमा अन्य उद्योगी व्यवसायीले पनि ओरालो लाग्दै गएको व्यापार व्यवसाय जोगाउन सरकारले अविलम्ब ठोस पहल गर्नु पर्ने माग गरे ।

# तलब नपाउँदा कर्मचारी र प्राध्यापक आर्थिक समस्यामा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश कृषि विश्वविद्यालयका प्राध्यापक र कर्मचारीले आइतबारदेखि पुनः आन्दोलन शुरु गरेका छन् । उनीहरूले भदौ महिनादेखि तलब नपाएको भन्दै घरपरिवार चलाउन गम्भीर समस्या भएको बताएपछि विश्वविद्यालयको प्रशासनिक काम ठप्प भएको हो ।



यसअघि फागुन १ गते पनि तलब नपाएको विरोधमा प्राध्यापक र कर्मचारीले विश्वविद्यालयको प्रशासनिक भवनमा ताला लगाएका थिए । तर, हालसम्म समस्या समाधान नभएपछि उनीहरूले फेरि आन्दोलन शुरु गरेका हुन् ।

प्राध्यापक र कर्मचारीहरूले लगातार रूपमा तलब नपाउँदा आफ्नो दैनिकीमा समस्या परेको बताए । विश्वविद्यालयका कुलपतिसमेत रहेका मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहको उपस्थितिमा भएको सर्वपक्षीय भेलाले तलब दिने प्रक्रिया अपनाउने निर्णय गरेको भए पनि तलबको मुद्दा अझै समाधान हुनसकेको छैन ।

फागुन २० गते भएको विश्वविद्यालयको मन्त्रिपरिषद् बैठकले उपकुलपति डा. वैद्यनाथ महतो र रजिस्ट्रार भगवान ठाकुरलाई पदमुक्त गर्ने निर्णय गरेपछि विवादले थप उग्र रुप लिएको छ । यद्यपि सर्वोच्च अदालतको अल्पकालीन आदेशपछि पदमुक्त नगर्ने निर्णय भएको भए पनि तलबको समस्या अझै समाधान भएको छैन ।

रजिस्ट्रार भगवान ठाकुरले नीति र कार्यक्रम पास नभएका कारण तलब दिन नसकिएको बताएपछि कर्मचारीहरूको आक्रोश झनै बढेको छ । प्राध्यापक र कर्मचारीहरूको आन्दोलनले विश्वविद्यालयका विद्यार्थीहरूको पठनपाठन प्रभावित हुने चिन्ता बढ्दै गएको छ । कक्षा ठप्प हुन सक्ने सम्भावना रहेकोले विद्यार्थी पनि अन्योलमा परेका छन् ।

# उपराष्ट्रपतिद्वारा ईद–उल–फित्रको शुभकामना

**मधेशदृष्टि**
**वीरगंज ।**
इस्लाम धर्मावलम्बीको महान पर्व 'ईद–उल–फित्र' का अवसरमा सरकारले आज सोमबार सार्वजनिक बिदा दिएको छ ।

यस्तै, उपराष्ट्रपति रामसहाय प्रसाद यादवले पर्वका अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि शुभकामना व्यक्त गरेका छन् । इस्लाम धर्मावलम्बीले पर्व हर्षोल्लासका साथ मनाउने परम्परा रही आएको र परम्परागत 'इफ्तार' र रोजा पश्चात नमाज पढेपछि साँझपख विशेष परिकारसहितको खाद्यवस्तु ग्रहण गर्नु इस्लाम धर्मावलम्बीको महत्वपूर्ण अनुष्ठान भएको यादवको भनाइ छ ।

अनुष्ठानका माध्यमबाट इस्लाम धर्मावलम्बीले ध्यान र आत्मसंयममा वृद्धि गर्ने प्रयास गर्नुले उनीहरुको आध्यात्मिकतालाई थप बलियो बनाउन सघाउने यादवको भनाइ छ । नयाँ कपडा लगाउने, नमाज पढ्ने, एक अर्कासँग गला मिलाउँदै बधाई, शुभकामना र उपहार साटासाट गरी मनाइने 'ईद–उल–फित्र' का दिन विशेष परिकार बनाएर खाने र खुवाउने परम्परा छ । ईदको चन्द्रमा हेरेपछि सबैलाई 'चाँद मुबारक' वा 'ईद मुबारक' भन्ने चलन छ । साथै, मानिसहरु आफ्नो श्रद्धा अनुसार कमाएको रकममध्ये केही हिस्सा दान दिने परम्पराले यो पर्वको महत्व झनै बढाएको उपराष्ट्रपतिको विश्वास छ ।

# पूर्वराजाका पक्षमा राष्ट्रवादीको प्रदर्शन

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल राष्ट्रवाद संघ वीरगंजले प्रदर्शन गरेको छ । संघका केन्द्रीय अध्यक्ष जनकलाल साहको नेतृत्वमा राजा ल्याउनु पर्ने र आन्दोलनक्रममा पक्राउ परेका राप्रपाका नेतालाई रिहा गर्नुपर्ने मागसहित प्रदर्शन भएको हो ।

उनीहरुले प्रदर्शनक्रममा राजा ल्याऊ, देश बचाऊ, राजसंस्था अमर होस्, भ्रष्ट नेता मूर्दावाद, पक्राउ परेका नेतालाई रिहा गरलगायतका नारा लगाएका थिए । वीरगंजको घण्टाघरबाट शुरु भएको विरोध प्रदर्शनले नगरको विभिन्न भाग परिक्रमा गर्दै पुनः घण्टाघर पुगेर कोणसभामा परिणत भएको थियो । देशमा हिन्दू राष्ट्रको विकल्प नभएको संघका अध्यक्ष साहले बताए । प्रदर्शनक्रममा संगीता देवी साह, उमाशंकर प्रसाद, राजेन्द्र पाल, हरेराम प्रसाद, सुरेश साह, मदन ठाकुर, नन्दकिशोर गोयल, दिपेन्द्र रौनियार, किरणमान डंगोललगायतको उपस्थिति थियो ।

# तेली समुदाय संगठित हुन जरुरी



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकामा तेली संगठित भए नेतृत्वमा पुग्ने बताइएकोक छ । नेपाल तेली कल्याण समाज धनुषाका अध्यक्ष ललित साहले जनकपुरधाम उपमहानगरपालिका वडा १७ स्थित तेतरिया गाउँमा सुरेशकुमार साहको निवासमा शनिबार आयोजित वडास्तरीय सम्मेलन तथा कार्यालय उद्घाटनमा तेली समुदाउ नेतृत्वमा पुग्न संगठिन हुनु पर्ने बताए । जनकपुरधाम उपमहानगरपालिकामा सबैभन्दा बढी जनसंख्या तेलीको भए पनि कुनै पनि राष्ट्रिय पार्टीले सांसद, विधायक वा मेयरका लागि खोजी नगरेको उनले बताए । यसका लागि संगठित हुन जरुरी रहेको उनको भनाइ थियो ।

कार्यक्रममा नेपाल तेली कल्याण समाज जनकपुरधाम नगरका अध्यक्ष रामबाबु साहले गरिब परिवारका बालबालिकालाई शिक्षित गराउन नगरपालिकाका प्रत्येक वडामा अभियान सञ्चालन गरिने बताए । दाइजो प्रथा अन्त्य गर्न जनचेतना अभियान सञ्चालन गरिने उनले सुनाए । राम उद्गार साहले वडा अध्यक्षको जिम्मेवारी सुरेशकुमार साहलाई हस्तान्तरण गरे । कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका वडाअध्यक्ष दीपेन्द्र साह, परमेश्वर साह, पूर्व वडाअध्यक्ष जानकीराम साह, शहीद गंगालाल हृदय रोग प्रतिष्ठान जनकपुरधामका निर्देशक डा. राजेशकुमार साह, नेपाल तेली कल्याण समाजका पूर्व राष्ट्रिय उपाध्यक्ष रामबाबु साह, पूर्व जिल्ला उपाध्यक्ष श्यामकुमार साह, बिगुल साह, शिवकुमार साहलगायतको उपस्थिति थियो ।

# ९ हजार टन डिएपी मल स्टक


**मधेशदृष्टि**
**वीरगंज ।**
कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय वीरगंजमा ९ हजार टन डिएपी मल मौज्दात रहेको बताइएको छ । १७ जिल्लाका लागि ९ हजार टन डिएपी र ५ हजार टन युरिया मौज्दात रहेको कार्यालय प्रमुख दुर्गाराज पाण्डेयले जानकारी दिए ।

सहकर्मी संस्था रेडियो वीरगंजसँगको कुराकानीमा प्रमुख पाण्डेयले बफर स्टकसहित मधेश प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशमा पनि पठाउने गरी मौज्दात रहेको बताए । पर्साको हकमा भने चैते धानलाई लक्षित गर्दै मौज्दात रहेको मल आवश्यकताअनुसार बाँकी रहेका कोटाअनुसार वितरण गर्न सकिने उनले बताए ।

वैशाखको पहिलो हप्तासम्ममा अझै युरिया मल आउने क्रममा रहेको पनि उनले जानकारी दिए ।

पर्सामा रहेका अधिकतम १ सय ५० सहकारी संस्थामार्फत मल वितरण हुँदै आएको छ । मधेश प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको तथ्यांकमा कृषियोग्य जमिनको क्षेत्रफलका आधारमा मल वितरण हुँदै आएको कार्यालय प्रमुख पाण्डेयले बताए ।

# छिपहरमाईमा शोभा कलश यात्रा



**राजन कुमार बानिया**
**पर्सा ।**
चैतनवमीको अवसरमा धोबिनी गाउँपालिका वडा नम्बर ४ लंगडीमा नवनिर्मित छिपहरमाई मन्दिरको प्राणप्रतिष्ठाका अवसरमा शोभा कलश यात्रा निकालिएको छ । शोभा कलश यात्रा छिपहरमाई मन्दिरको प्राङ्गणबाट शुरु भएको थियो ।

छिपहरमाई मन्दिरबाट बाजागाजासहित निकालिएको कलश यात्रा धोबिनी गाउँपालिका–४ लंगडी र बखरी गाउँ परिक्रमा गर्दै सिकटा नदीको लंगडी छठघाटमा पुगी पुजापाठ गरी जल भरेर छिपहरमाई मन्दिरा पुगेको थियो ।

कार्यक्रममा नेपाली कांग्रेस महाधिवेशन प्रतिनिधि एवम् गाउँपालिका अध्यक्ष प्रत्यासी नारायण प्रसाद कुर्मी, पूर्व गाउँपालिका अध्यक्ष सुरेश प्रसाद कुर्मी, प्रधानाध्यापक सोनालाल कुर्मीले पुजापाठ गरेका थिए । कलश यात्रामा ताराचन्द साह कलवार, शिक्षक राजनारायण पटेल, रामबाबु कुर्मी, लालबाबु जिमदार, पत्रकार लालबाबु बानियालगायतको सहभागिता थियो ।

छिपहरमाई मन्दिरको प्राणप्रतिष्ठानको कार्यक्रम नवमीसम्म चल्ने आयोजकले जनाएको छ । वैशाख ५ गते चैत नवमीका दिन छिपहरमाई मन्दिरमा पुजापाठ हुने संयोजक सोनालाल कुर्मीले बताए । उनले मन्दिरमा वर्षमा दुई चोटी चैतनवमी र दशैंका बेला ठूलो मेला लाग्ने गरेको बताए ।

# चैतेदशैँमा वीरगंजमा डोली यात्रा

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको चर्चित गह्वामाई मन्दिरले चैतेदशैँका अवसरमा गह्वामाईको निसानसहितको डोली यात्रा गर्ने भएको छ । माईस्थान सञ्चालन समितिले चैत २३ गते चैतेदशैँका अवसरमा माईको निसानसहितको डोली यात्रा गर्न लागेको हो । समितिका अध्यक्ष नरेन्द्र साहले डोली यात्रामा हजारौँ दशनार्थीको उपस्थितिमा गह्वामाईको निसानसहितको डोली यात्रा गर्न लागिएको जानकारी दिए ।

'गह्वामाई मन्दिर वीरगंजको मात्र नभई समग्र मधेश प्रदेशसँगै छिमेकी मुलुक भारतको विहार राज्यका दशनार्थीको आस्थाको धरोहर रहँदै आएको छ,' उनले भने, 'गह्वामाई मन्दिरमा भाकल तथा पूजापाठ गरेमा आफ्नो मनोकाङ्क्षा प्राप्त हुने जनविश्वास छ ।'

डोली यात्रा गह्वामाई मन्दिर प्राङ्गणबाट सुरु भई वीरगंजको रोड नम्बर २ हुँदै विर्तामाई मन्दिर, अलखिया मठ, महावीर मन्दिर, घण्टाघर हुँदै गह्वामाई मन्दिर प्राङ्गणमा हुनेछ । मन्दिरका मूल पुरोहित राधेश्यामप्रसाद उपाध्यायले मन्दिरको स्थापना समय यकिन नभए पनि सयौँ वर्ष पुरानो र ऐतिहासिक मन्दिर भएको बताए ।

आकर्षक शैलीमा मार्बल प्रयोग गरी निर्माण गरिएको मन्दिर दुई तलाको छ । मन्दिरको गर्भगृहमा ऐतिहासिक गह्वामाईको मूर्ति र सातवटा देवीको पिण्ड राखिएको छ । मन्दिरको माथिल्लो तलामा चाँदीमा कुँदेर नागको सातवटा देवीको पिण्ड राखिएको छ । दशैँको नवरात्रि र चैतेदशैँमा यो मन्दिरमा विशेष मेला लाग्छ । गह्वामाईको नगर परिक्रममा गराएमा नगरवासीलाई सुखशान्ति र समृद्धि प्राप्त हुने जनविश्वास छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन